**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०७ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- कोलकाताको ऐतिहासिक ब्रिगेड परेड मैदानमा आज पांच लाख भन्दा अधिक मानिसहरूले सामूहिक रूपमा गीता पाठ गरे।

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि लोकसभामा राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा विशेष चर्चा सुरु गर्नु हुनेछ।

- उत्तर 24 परगनाको मध्यम ग्रामको वार्ड-3मा सैकड़ों परिवार रातारात गायब भएका छन्|

- खरसाङ विश्वकर्मा समाजको शतवार्षिकी समारोह आज खरसाङमा भव्य रुपमा मनाइएको छ।

- दार्जीलिङको लोकप्रिय मन्त्र ब्यान्डको २५ वर्षको सांगितिक यात्रालाई मनाउन आज लगभग ७ सयभन्दा बढी गिटारवादकहरू एकैसाथ चौरास्तामा भेला भएका थिए।

**गीता पाठ**

कोलकाताको ऐतिहासिक ब्रिगेड परेड मैदानमा आज लाखौँ मानिसहरूले सामूहिक रूपमा गीता पाठ गरे। आज यहाँ ५ लाखभन्दा अधिक भक्तजनहरू गीता पाठका लागि भेला भएका थिए। यो राज्यभरबाट आएका भक्तहरूको ऐतिहासिक भेला मानिएको छ। बंगाल पुनः आफ्नो जरा, आस्था, इतिहास, संस्कृति र परम्परासँग जोडिँदै गएको सन्देश कार्यक्रमले दिएको छ। कार्यक्रमको आयोजना सनातन संस्कृति संसदले गरेको थियो। यससँगै आयोजित गीता पाठ समारोहको मुख्य भूमिका आनन्द महाराज ले वहन गर्नुभएको थियो। कार्यक्रममा बाबा रामदेव, साध्वी ऋतंभरा, बागेश्वर धामका बाबा धीरेंद्र शास्त्री सहित भारतका सयौँ साधु–सन्तहरूको उपस्थिति थियो । ठूलो संख्यामा महिलाहरू पनि गीता पाठमा सहभागी थिए। राजनीतिक तथा सामाजिक व्यक्तित्वको उल्लेखनीय उपस्थिति पनि देखियो । यस अवसरमा केंद्रीय डोनर (DoNER) राज्य मन्त्री डॉ. सुकान्त मजूमदार, भाजपा राज्य अध्यक्ष सौमिक भट्टाचार्य, भाजपा नेता सुवेन्दु अधिकारी तथा विभिन्न हिन्दू संस्थाहरूका प्रमुखहरू पनि सहभागी थिए। पश्चिम पश्चिम बंगालका राज्यपाल डॉ. सी. भी. आनन्द बोस पनि यस कार्यक्रममा सहभागी हुनु भयो। यस अवसरमा राज्यपालले राज्य धार्मिक अहंकार हटाउन तयार रहेको टिप्पणी गर्नु भयो। उहाँले मुर्शिदाबादमा हिजो भएको घटनाको अप्रत्यक्ष रूपमा उल्लेख पनि गर्नु भयो। मुर्शिदाबादमा निलम्बित विधायक हुमायूँ कबीरले हिजो बाबरी मस्जिदको ढाँचामा बन्ने भनिएको मस्जिदको आधारशिला राखेपछि राजनीतिक चर्चा बढेको छ। गीता पाठको मञ्चबाट, राज्यपालले भ्रष्टाचार उन्मूलनको पनि उल्लेख गर्नु भयो। भगवद्गीताको श्लोक "परित्राणय साधुनाम विनाशय च दुष्कृतम् धर्मसंस्थापनार्थाय सम्भावामि युगे युगे", लाई उद्धृत गर्नु हुँदै उहाँले भन्नु भयो धार्मिकता स्थापित गर्ने र अधर्मको अन्त्य गर्ने संकल्प सधैं रहने छ। आयोजकहरूले यो कार्यक्रमको उद्देश्य बंगालको आध्यात्मिक परम्परालाई उजागर गर्ने र सामाजिक सद्भावलाई प्रवर्द्धन गर्ने बताएका छन्।

**वन्दे मातरम चर्चा**

राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा भोलि लोकसभामा विशेष चर्चा सुरु हुनेछ। आधिकारिक सुत्र अनुसार प्रधानमन्त्री नरेन्द्र मोदीले लोकसभामा चर्चाको शुरुवात गर्नु हुनेछ। पत्रकारहरुलाई जानकारी दिनु हुँदै संसदीय कार्य मामिला मन्त्री किरेन रिजिजुले दिनभरी चल्ने बहस दिउँसो १२ बजी सुरु हुने बताउनु भएको थियो। उहाँले भन्नु भयो लोकसभा अध्यक्ष ओम बिर्लाको अध्यक्षतामा भएको सर्वदलीय बैठकमा वन्दे मातरमको चर्चा ८ डिसेम्बरमा र चुनावी सुधारको बहस ९ डिसेम्बरमा हुने निर्णय भएको छ।

**झण्डा दिवस**

आज देशभरी सशस्त्र सेना झण्डा दिवस मनाइन्दै छ। यो दिन शहीद सैनिकहरू र देशको सुरक्षा गर्ने जवानहरूको सम्मानमा मनाइन्छ। 1949 देखि हरेक वर्ष 7 डिसेम्बर मा यो दिवस मनाइँदै आएको छ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले देशको रक्षा गर्ने वीर पुरुष र महिलाहरू प्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले सामाजिक संजालमा एक पोस्टमा भन्नु भयो सैनिकहरूको अनुशासन, दृढ संकल्प र साहसले राष्ट्रलाई सुरक्षित र बलियो बनाउँछ। प्रधानमन्त्रीले सबै नागरिकहरुलाई सशस्त्र सेना झण्डा दिवस कोषमा योगदान गर्न आग्रह गर्नुभयो। उपराष्ट्रपति सी. पी. राधाकृष्णन ले पनि आजको दिन महत्त्वपूर्ण कदम चाल्दै आफ्नो एक महिनाको तलब सशस्त्र सेना झण्डा दिवस कोषमा दान गर्नुभयो। उहाँले सामाजिक सञ्जालमा सबै भारतीय नागरिकहरुलाई स्वेच्छाले योगदान गर्न र सैनिक, शहीद तथा उनीहरूको परिवारप्रति आभार व्यक्त गर्न अपिल गर्नुभयो। रक्षा मन्त्री राजनाथ सिंह ले पनि भारतीय सशस्त्र बलको साहस, त्याग र निस्वार्थ सेवालाई नमन गर्नु हुँदै सैनिकहरूको योगदान राष्ट्रकै गर्व भएको बताउनुभयो। उहाँका अनुसार यो कोषमा दिइने योगदान सैनिकहरूको समर्पणप्रति सम्मान हो।

**विजय दिवस**

विजय दिवस २०२५ को मुख्य समारोह अघि ईस्टर्न कमानले आज विजय दुर्ग स्थित मुख्यालयमा एक विशेष कर्टन रेजर कार्यक्रम आयोजना गर्यो। कार्यक्रमको सुरुवात विजय दिवसको सम्मानमा निकालिएको बाइक ऱ्याली बाट भयो, जसमा १४२ बाइकर्स ले सहभागी भएर उत्तर बंगाल देखि कोलकाता सम्म यात्रा गरे। मुख्य कार्यक्रममा १९७१ युद्धमा बलिदान भएका भारतीय जवान र बांग्लादेशी मुक्तियोद्धाहरूलाई जिओसी रामचन्द्र तिवारीले श्रद्धाञ्जली दिनु भयो। वास्तवमा, १९७१ को नौ महिना लामो युद्धको समयमा भारतले बंगलादेशलाई नैतिक, कूटनीतिक र भौतिक सहयोग प्रदान गरेको थियो। त्यो कठिन समयमा लगभग १ करोड मानिसहरू बंगलादेशबाट भागेर भारत आए र भारतले उनीहरूलाई आश्रय दिने मानवीय काम गऱ्यो। कार्यक्रममा १९७१ को युद्ध, भारतको भूमिका र भारत–बांग्लादेशको ऐतिहासिक सम्बन्धलाई स्मरण गरिएको थियो। यस युद्धको परिणामस्वरूप नयाँ राष्ट्र बांग्लादेश को जन्म भयो र अन्त्यमा पाकिस्तानका जनरल ए. के. नियाजी ले ९३ हजार सैनिक सहित आत्मसमर्पण गरेका थिए। आजको कार्यक्रमले विजय दिवस २०२५ को आगामी उत्सवको लागि मार्ग तय गरेको छ, जहाँ १९७१ को युद्धका नायकहरूको साहस, बलिदान र ऐतिहासिक विजयलाई फेरि एक पल्ट सम्मानका साथ सम्झिनेछ।

**बंगालमा SIR प्रक्रिया बीच एउटा गांउँ वीरानो**

उत्तर 24 परगनाको मध्यम ग्रामको वार्ड-3मा सैकड़ों परिवार रातारात गायब भएका छन्, स्थानीय मानिसहरूले दावी गरे अनुसार यहां बांग्लादेशबाट आएका अबैध मुस्लिमहरू बस्थे। उनिहरूले राज्यको लक्ष्मी भंडार योजनाको पनि लाभ उठाइरहेका थिए। दूरदर्शनका सम्वाददाताले जानकारी दिए अनुसार SIR चली रहेको बेला यहाँका मानिसहरू अचानक गाँउ खाली गरि भागेका छन्।

**दार्जिलिंग एसआईआर**

दार्जिलिंग जिल्लामा मतदाता सूची विशेष गहन पुनरीक्षण कार्य लगभग पूरा गरि सकिएकोछ। जिल्लाको मतदाता सूचीमा जम्मा 12,92,857 मतदाताहरूको नाम सामेल छ, जसमा झण्डै 11 लाख 46 हजार भन्दा बढीले इन्युमरेसन फर्म भरि सकेका छन्, तथा बिएलओहरूले भरेको इन्युमरेसन फर्म अपलोड गरि सकेका छन्। जिल्ला शासक र जिला निर्वाचन अधिकारी मनिस मिश्राको कार्यालय अनुसार इन्युमरेसनको काम सौ प्रतिशत पूरा गरि सकिएकोछ। झण्डै एक लाख 46 हजार फर्म जमा भएका छैनन्। फर्म भर्ने अन्तिम तारिक 11 दिसम्बर सम्म बढाइएकोछ। खर्साङ्गका एक जना बिएलओ योगेश तामंगले बताउनु भयो कि

इन्युमरेसन फर्म वितरण र भरिएको फर्म संग्रह गर्ने काम पूरा भइरहेकाछन्। तथा अपलोड गर्ने काम पनि पूरा भएकोछ। उनले थप बताउनु भयो कि

**.......बाईट...योगेश तामंग.....**

यसै क्रममा मिरिकका एक नागरिक सपन भण्डारीले एसआईआरलाई एउटा सकारात्मक कदम भनि मानिसहरूले ठानी रहेको बताउनु भयो। उहाँले भन्नु भयो कि

**....बाईट सपन भण्डारी....**

## श्रमिक मेला

खरसाङ खण्ड अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतमा दुई दिवसीय श्रमिक मेलाको आयोजना गरिने भएको छ। यस दुई दिवसीय सिटोङ सिन्कोना श्रमिक मेला आगामी 8 र 9 दिसम्बरको दिन खरसाङ खण्ड अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतको चुच्चे ढुङ्गा परिसरमा आयोजना गरिने भएको छ। श्रमिक मेला, सम्पूर्ण श्रमिक सरकारी सिन्कोना बगान सिटोङको आयोजनामा हुने भएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्नु हुँदै आयोजक सिटोङ सिन्कोना श्रमिकगणको तर्फबाट कैलाश शर्मा, देवेन्द्र छेत्री र भूलन राईले दुई दिवसीय श्रमिक मेलाको विषयमा विस्तृत जानकारी गराएका छन्। श्री शर्माले श्रमिक मेलामा श्रमिकहरुलाई लिएर आयोजना गरिएको र यसमा विभिन्न स्टलहरु राखिने जानकारी गराउनु भएको छ। उहाँले यस दुई दिवसीय सिन्कोना श्रमिक मेलामा मुख्य आकर्षणको रुपमा विभागीय स्टलहरु राखिने, नेपाली परम्परागत खाना स्टलहरु, स्थानीय उत्पादनहरुको प्रदर्शनी र बिक्री साथै विभिन्न सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिने जानकारी गराउनु भएको छ। उहाँले यसको साथै प्रत्येक दिन 100 जना कृषकजरुलाई कृषि विशेषज्ञबाट कृषिमाथि प्रशिक्षण दिने, कृषि तथा सामुदायिक शीप सम्बन्धी जानकारी र स्वास्थ्य शिविर पनि आयोजना गरिने जानकारी गराउनु भएको छ।

## विश्वकर्मा समाज शतवार्षिकी

खरसाङ विश्वकर्मा समाजको शतवार्षिकी समारोह अन्तर्गत आज बिहान खरसाङको रेलवे स्टेशनबाट शताब्दी गौरव यात्रा निकालिएको छ। 1925 मा स्थापना भएको विश्वकर्मा समाज खरसाङको शतवार्षिकी समारोह तीन चरणमा सम्पन्न भएको छ। पहिलो चरणमा बिहान खरसाङको रेलवे स्टेशनबाट शताब्दी गौरव यात्रा निकालेर कार्यक्रम स्थल सन्त अल्फन्सेससम्म पुगेर कार्यक्रममा परिणत भएको छ। यसावधि हिल कार्ट रोड हुँदै खरसाङ विश्वकर्मा समाजको पदाधिकारीहरु र विभिन्न स्थानहरुबाट आएका प्रतिनिधिहरुले सांस्कृतिक बाजा गाजाको साथमा नाच्दै गाउँदै रैली निकालेका थिए। यस शताब्दी गौरव यात्रा कार्यक्रम स्थल खरसाङको सन्त अल्फसेस विद्यालयमा पुगेर शताब्दी समारोहमा परिणत भएको छ। यस अवसरमा विद्यालयको अधिपट्टि शुरुमा नै खरसाङ विश्वकर्मा समाजको झण्डा प्रमुख अतिथि डीएस दर्नाल, विशिष्ट अतिथि सिक्किमका विधायक मदन सेञ्चुरी र अन्यको बाहुलीबाट उत्तोलन गरिएको छ। यसको साथै शान्तिको प्रतिक परेवा पनि उडाईएको छ। गेट परिसरमा नै मुख्य अतिथि, विशिष्ट अतिथिहरुका बाहुलीबाट रिबन काटेर शतवार्षिकी समारोहको उदघाटन गरिएको छ। शतवार्षिकी समारोहको अध्यक्षता खरसाङ विश्वकर्मा समाजको सभापति निर्मलकुमार गहतराजको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा संस्थापक तथा दिवंगत सदस्यहरुका स्मरण गर्दै मौन धारण गरियो। कार्यक्रममा वयोवृद्ध श्री दर्नालको परिचयसितै उहाँलाई विश्वकर्मा शताब्दी पुरुष सम्मानले सम्मानित गरिएको थियो। त्यसपछि विनोद रसाइलीद्वारा लिखित तथा निर्मलकुमार गहतराजद्वारा संगीतबध्द विश्वकर्मा समाजको उदवोधिनी गीत प्रस्तुत गरिएको थियो।यसै कार्यक्रममा विश्वकर्मा समाजको 14 जना पुरोहितहरु र 12 अरानमा काम गर्ने शिल्पकारहरुलाई सम्मान जनाइएको छ। त्यसरी नै विभिन्न स्थानहरुबाट आएका विभिन्न क्षेत्रमा योगदान दिने विश्वकर्मा समाजको 10 जना विशिष्ट व्यक्तित्वहरूलाई सम्मान जनाइएको छ। यसको साथै विश्वकर्मा समाजका विद्यावारिधि प्रापक व्यक्तित्व सम्मान, संस्थापक सदस्यको परिवार तथा भूतपूर्व पदाधिकारीहरुलाई पनि सम्मान जनाइएको छ।

## ब्यान्ड मन्त्र २५ वर्ष

दार्जीलिङको सांगीतिक इतिहासमा आज एक नयाँ अध्याय थपिएको छ। आज लगभग ७ सयभन्दा बढी गिटारवादकहरू एकैसाथ चौरास्तामा भेला भई मन्त्र ब्यान्ड को प्रसिद्ध गीत 'बिर बिर गोर्खाली' मा गिटार बजाए।लोकप्रिय ब्यान्ड मन्त्र को २५

वर्षे संगीत यात्रा, योगदान र दार्जीलिङप्रतिको प्रेमलाई समर्पित गर्दै धैरै सहभागीहरू गिटार बोकेर चौरास्ता पुगेका थिए, जहाँ उनीहरूले कार्यक्रममा अंश ग्रहण गर्दै गिटार बजाए। "बी ए पार्ट अफ हिस्ट्री" भन्ने नारासहितको यो सांगीतिक श्रद्धाञ्जलीले दार्जीलिङको सांस्कृतिक एकता र संगीतप्रतिको समर्पणलाई उजागर गरेको संगीतप्रेमीहरूले बताएका छन्। मन्त्र ब्यान्डका सदस्यहरूको उपस्थितिले सबैलाई उत्साहित बनायो भने आयोजकको तर्फबाट सम्पूर्ण मन्त्र ब्यान्डलाई सम्मान पनि प्रदान गरियो। कार्यक्रमको आयोजना मेलो टी फेस्ट दार्जीलिङ र दार्जीलिङका नागरिकहरूले गरेका थिए। कार्यक्रममा दार्जीलिङ पुलिस, विकिरण फाउन्डेसन र अन्य स्थानीय संस्थाहरूको सहयोग पनि रहेको थियो। आजको कार्यक्रममा जी टी ए प्रमुख अनीत थापा, पुलिस प्रमुख प्रवीण प्रकाश, नगरपालिका अध्यक्ष दिपेन ठकुरी, जी टी ए प्रमुखका सलाहकार अमर लामा साथै अन्य वरिष्ठ व्यक्तित्वहरूको पनि उपस्थिति रहेको थियो।

## गागा छिरिङि डुक्पा

पेशाले शिक्षक, तर देशको स्वतंत्रता संग्राममा अग्रणी भूमिका खेलेका दार्जीलिङका स्वतन्त्रता सेनानी गागा छिरीङ डुक्पाको पुण्य तिथिमा आज देश अनि विशेष गरि दार्जीलिङले उहाँलाई श्रदाजंली अर्पण गरिरहेको छ। सात डिसेम्बर १९०६ मा जन्मनुभएको गागा छिारिङ डुक्पाले शिक्षकको रूपमा त्यसताक आफ्नो विध्याथीहरूलाई देशप्रेमको पाठ पढ़ाएर , विदेशी हुकुमत विरूद्ध सबैलाई एकबद्ध हुने आवहान गर्नुभएको थियो। विदेशी दमनकारीलाई यो कुरा नपच्दा डुक्पालाई थुनामा पनि हालिएको थियो । जेलमा रहँदा उहाँको भेट राष्ट्रपिता महात्मा गांधीसंग भयो।गांधीजीले डुक्पालाई देश स्वाधीन बनाउनको निम्ति अझ अग्रसर भएर कार्य गर्ने प्रेरणा दिए। २६ जनवरी १९७३ मा त्यसताक भारत सरकरले गागा छिरीङलाई ताम्रा पत्रले सुसोभित गरेको थियो। उहाँको देहावसान १० तारिक नोभेम्बर १९९२ को दिन भएको थियो। आज उहाँको पुण्य तिथिको अवसरमा दार्जीलिङ पहाड़का विभिन्न ठाउँहरूमा उहाँलाई श्रदाजंली दिएको खबरहरू प्राप्त भएको छ।

****** ० ******